# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, भदौ १३ गते, २०८१ साल (संख्या ६

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानुन मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

<u>सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन</u>



**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २ मा संशोधनः** सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) पछि खण्ड (क१), खण्ड (ख) पछि खण्ड (ख१), खण्ड (ग) पछि खण्ड (ग१), खण्ड (ञ) पछि खण्ड (ञ१), खण्ड (ट) पछि खण्ड (ट१), खण्ड (ड) पछि खण्ड (ड१) र खण्ड (ड२) थपिएका छन्:-

"(क१) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ख१) "कार्यालय" भन्नाले प्रदेश सरकारका कार्यालय सम्झनु पर्छ।

(ग१) "केन्द्रीय निकाय" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा केन्द्रीय निकाय भनी तोकेका प्रदेश सरकारका निकाय सम्झनु पर्छ।

(ञ१) "प्रदेश सचिव" भन्नाले प्रदेश सरकारको मन्त्रालयको सचिवको रूपमा कार्यरत एघारौं तहको अधिकृत सम्झनु

पर्छ र सो शब्दले प्रदेश सचिवको पदपूर्ति नभएसम्म नेपाल सरकारबाट प्रदेश सचिवको रूपमा खटी आएको कर्मचारीलाई समेत जनाउँछ ।

(ट१) "प्रमुख सचिव"भन्नाले नेपाल सरकारबाट खटी आएको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको कर्मचारी सम्झनु पर्छ।

(ड१) "समायोजन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिमको कर्मचारी समायोजन सम्झनु पर्छ।

(ड२) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।"

३. <u>मूल ऐनको दफा ३ मा संशोधन</u>: मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>प्रदेश कर्मचारी प्रशासन सम्बन्धी केन्द्रीय निकाय:</u>** (१) प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त तथा कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशको केन्द्रीय कर्मचारी निकायको रूपमा काम गर्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेक प्रदेश निजामती कर्मचारी प्रशासनसम्बन्धी काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नीतिगत स्वीकृति बिना गर्न पाइने छैन।"





४. <u>मूल ऐनको दफा ४ मा संशोधन</u>: मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) प्रदेश न्याय सेवा,"

५. <u>मूल ऐनको दफा ५ मा संशोधन</u>: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. **<u>प्रदेश निजामती सेवामा रहने तह</u>**: (१) प्रदेश निजामती सेवामां देहाय बमोजिमका तहहरू रहनेछन्:-

| अधिकृत तह | | सहायक तह |
|---|---|---|
| (क) | एघारौं | पाचौं |
| (ख) | दशौं | चौथो |
| (ग) | नवौं | |
| (घ) | आठौं | |
| (ङ) | सातौं | |
| (च) | छैटौं | |

(२) प्रदेश निजामती सेवामा विभिन्न तहमा तोकिए बमोजिमका प्राविधिक तथा अप्राविधिक पदहरू रहनेछन्।

(३) प्रदेश सरकारलाई आवश्यक पर्ने वन रक्षक, सशस्त्र वन रक्षक जस्ता पदमा स्थायी पदपूर्ति गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको पदमा पदपूर्ति गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहमा रहने तह र सोको पदनाम तोकिए बमोजिम हुनेछ।"

६. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>**: मूल ऐनको दफा ६ झिकिएको छ।

७. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>**: मूल ऐनको दफा ७ को,-

(१) मूल ऐनको दफा ७ को शीर्षकमा रहेको "कार्य विवरण" भन्ने शब्दहरू पछि "र कार्यसम्पादन सम्झौता" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (५) झिकिएको छ।

८. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>**: मूल ऐनको दफा ८ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा ५ बमोजिमको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभामा रहने कर्मचारीको दरबन्दी निर्धारण गर्नु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>**: मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>प्रदेश निजामती सेवाको पदपूर्तिः</u> (१) प्रदेश निजामती सेवाको रिक्त पदमा देहाय बमोजिम पूर्ति गरिनेछः–





| तह | | खुला प्रतियोगिता द्वारा | अन्तर तह प्रतियोगिता द्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन द्वारा | कार्य क्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षा द्वारा |
| (क) | तह विहीन (वनरक्षक, सशस्त्र वनरक्षक) | १००% | - | - | - | - |
| (ख) | सहायक चौथो | ८०% | - | - | - | २०% |
| (ग) | सहायक पाचौं | ५०% | ५% | २०% | २०% | ५% |
| (घ) | अधिकृत सातौं | ५०% | ५% | २०% | २०% | ५% |
| (ङ) | अधिकृत नवौं | २०% | १०% | ३०% | ३०% | १०% |
| (च) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाका पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| | तह | खुला प्रतियोगिता द्वारा | अन्तर तह प्रतियोगिता द्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन द्वारा | कार्य क्षमतको मूल्याङ्कन द्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षा द्वारा |
| (क) | सहायक चौथो | १००% | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६५% | - | १५% | २०% | - |
| (ग) | अधिकृत सातौं (चिकित्सक बाहेक) | ६५% | १०% | १५% | १०% | - |
| (घ) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |
| (ङ) | अधिकृत नवौं | २०% | १०% | ३०% | ३०% | १०% |
| (च) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(३) दफा ४ को उपदफा (१) को खण्ड (ग१) बमोजिमको सेवामा प्रदेशबाट पदपूर्ति नभएसम्मको लागि उक्त सेवाको रिक्त पदमा संघीय कानुन बमोजिम पदपूर्ति हुनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछः-

(क) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएको सबै





वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा,

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको खुला प्रतियोगितात्मक परीक्षाद्वारा,

(ग) आन्तरिक प्रतियोगिता वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति गर्न छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसकेमा त्यस्तो बाँकी पद सोही वर्षको खुला प्रतियोगिताद्वारा,

(घ) एक तहमुनिको पद नभएको सेवा, समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुला प्रतियोगिताद्वारा।

(५) यस दफा बमोजिम पदपूर्तिको लागि पदसङ्ख्या निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेका सहायक पाँचौं तहमा स्थायी नियुक्ति भएका र समायोजन ऐन अनुसार साविकको नेपाल विविध सेवाबाट प्रदेशमा समायोजन भई

आएका माथिल्लो तहको पद नभएका कर्मचारी र साविकको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदबाट समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा कार्यरत कर्मचारीसमेत प्रदेश प्रशासन सेवाको सामान्य प्रशासन समूहको सोभन्दा माथिल्लो तहमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछन्।

(७) उपदफा (१) र (२) बमोजिमको बढुवाद्वारा पदपूर्ति गरिने पदमा प्रदेश निजामती सेवामा बहाल रहेका सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तहमुनि वा सो सरहको पदमा दफा २९ बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(८) उपदफा (१) र (२) मा उल्लिखित अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा बाहेकका अन्य प्रदेशका प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तहमुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोके बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(९) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका सहायक चौथो तहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा





अवधि पूरा गरेका चौथो तहभन्दा मुनिको पदमा कार्यरत कर्मचारी बिच प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) र उपदफा (२) को खण्ड (ङ) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत तहको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

(११) प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था र विशेषज्ञ पदको पदपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१०. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ९ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बिचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | महिला | ३३ प्रतिशत |
| (ख) | दलित | १५ प्रतिशत |
| (ग) | थारू/राना थारू | १५ प्रतिशत |
| (घ) | आर्थिक रूपले विपन्न खस आर्य | १२ प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | १० प्रतिशत |
| (च) | आदिवासी/जनजाति | ७ प्रतिशत |
| (छ) | अपाङ्गता भएका व्यक्ति | ५ प्रतिशत |
| (ज) | मधेसी | २ प्रतिशत |
| (झ) | मुस्लिम | १ प्रतिशत |

स्पष्टीकरणः

(१) उपदफा (१) को खण्ड (घ) को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न खस आर्य" भन्नाले प्रचलित कानुन बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्रको व्यवस्था नभएसम्मको लागि कानुन बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले संघीय कानुनले तोके बमोजिमको स्थान सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(३) यस दफा बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क आएमा त्यस्तो घाताङ्क जुन





समूहको हकमा आएको हो, सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(४) यस दफा बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम पद सङ्ख्या निर्धारण गर्दा कुनै विवाद उत्पन्न भएमा आयोगको निर्णय अन्तिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ।"

११. <u>मूल ऐनमा दफा १०क. थपः</u> मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"१०क. <u>समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउनेः</u> (१) संघीय सेवा वा जुनसुकै प्रदेश वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा वा उम्मेदवार हुन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको हकमा संघीय स्वास्थ्य सेवा ऐन बमोजिम हुनेछ ।"

१२. <u>मूल ऐनको दफा १२ मा संशोधन</u>ः मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. <u>पदपूर्तिमा बन्देजः</u> (१) प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

(२) उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर भएको मानिनेछ र त्यसरी नियुक्त भएको ब्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्त गर्ने अधिकारीबाट असुलउपर गरिनेछ।

(३) प्रदेश निजामती सेवाको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको वा यस ऐन बमोजिम स्वीकृत अस्थायी दरबन्दीमा काज वा अन्य रूपले खटाइएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि ब्यहोराले पदपूर्ति गर्न पाइने छैन।"

१३. <u>मूल ऐनको दफा १३ मा संशोधन</u>ः मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

"१३. <u>ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइनेः</u> (१) यो ऐन प्रारम्भ भएपछि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।





(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(३) प्रदेश स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवाका पदमा स्थायी पदपूर्तिबाट मात्रै सेवा प्रवाह गराउन नसकिएको विशेष परिस्थितिमा प्रदेशको अर्थ हेर्ने मन्त्रालयको सहमति लिई सेवा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ।

(४) प्रदेश स्वास्थ्य सेवाका चिकित्सक वा अन्य स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा रहेको अवस्थामा दैनिक सेवा प्रवाहमा बाधा उत्पन्न भएको अवस्थामा प्रदेशको अर्थ हेर्ने मन्त्रालयको सहमति लिई निजको बिदा अवधिभर उक्त पदमा सेवा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ।

(५) कम्प्युटर अपरेटर, इन्जिनियरिङ सेवा, माईक सञ्चालक, क्यामेरामेन, प्लम्बर, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, माली, स्वीपर पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा मात्र उक्त पदमा प्रचलित कानुन बमोजिम सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ ।"

१४. <u>मूल ऐनको दफा १४ मा संशोधन</u>ः मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) मा राखिएको छः-

"(१) खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।"

१५. <u>मूल ऐनको दफा १७ मा संशोधन</u>: मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. <u>उम्मेदवार हुनको लागि अयोग्यताः</u> देहायको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनः-

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृत तहको पदमा एक्काईस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष, महिला वा अपाङ्गता भएका उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भएको,

तर,

(१) प्रदेश स्वास्थ्य सेवाको पदमा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(२) प्रदेश स्वास्थ्य सेवा बाहेक अन्य सेवाको अधिकृत नवौं तहको खुला प्रतियोगितामा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।





(३) प्रदेश निजामती सेवा, संघीय निजामती सेवा, अन्य प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(ङ) गैर नेपाली नागरिक,

(च) स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(छ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ज) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पूरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, सरकारी धनमाल चोरी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(झ) प्रदेश निजामती सेवा, संघीय निजामती सेवा, अन्य प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको ।"

१६. <u>मूल ऐनमा दफा १९क. थप:</u> मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छ:-

"१९क. <u>निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्ने:</u> (१) प्रदेश निजामती सेवामा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिले तोकिए बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेस नगरेसम्म निजलाई प्रदेश निजामती सेवाको पदमा नियुक्त गरिने छैन ।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकार वा प्रदेश सरकारद्वारा स्वीकृत चिकित्सकबाट प्राप्त भएको हुनु पर्नेछ।"

१७. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ। यसरी नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको निजामती सेवा र जुनसुकै स्थानीय तहको सेवाको कुनै पदमा स्थायी नियुक्ति भई परीक्षणकाल भुक्तान गरिसके पश्चात् सेवालाई अविच्छिन्न राखी अर्को पदमा स्थायी नियुक्ति भई रमाना लिई आएमा त्यस्तो कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन।"

१८. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ:-



खण्ड ८) संख्या ६, प्रदेश राजपत्र भाग १ मिति २०८१।०५।१३

"२२. <u>प्रदेश सचिवको पदावधि</u>: प्रदेश सचिवको पदावधि पाँच वर्षको हुनेछ।"

१९. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को उपदफा (२) र (४) मा रहेका "अधिकृत बाह्रौं र" भन्ने शब्दहरू झिकिएका छन्।

२०. <u>मूल ऐनको परिच्छेद-६ मा संशोधन</u>: मूल ऐनको परिच्छेद-६ को ठाउँ ठाउँमा रहेको "स्तरबृद्धि" भन्ने शब्दको सट्टा "तहवृद्धि" भन्ने शब्द राखिएको छ।

२१. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छ:-

"२८. <u>बढुवा समितिः</u> (१) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेश निजामती सेवाको अधिकृत तहको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ:-

(क) अधिकृत एघारौं र नवौं तहको पदका लागिः-

(१) आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य - अध्यक्ष

(२) प्रदेश सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(३) प्रमुख सचिवले तोकेको प्रदेश सचिव - सदस्य

(४) आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(५) प्रदेश सचिव (प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

(ख) अधिकृत सातौं तहको पदको लागिः-

(१) आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य - अध्यक्ष

(२) प्रदेश सचिव (प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(३) प्रमुख सचिवले तोकेको प्रदेश सचिव - सदस्य

(४) आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(५) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको प्रदेश सचिव -सदस्य सचिव

(ग) सहायक पाँचौं तहको पदको लागि :-

(१) प्रदेश सचिव, सेवा समूह सञ्चालन गर्ने मन्त्रालय -अध्यक्ष

(२) अधिकृतस्तर नवौं वा दशौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(३) प्रदेश लोकसेवा आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(४) प्रदेश लेखा नियन्त्रक - सदस्य

(५) सेवा समूह संचालन गर्ने मन्त्रालयको अधिकृतस्तर नवौं वा दशौं तहको कर्मचारी -सदस्य सचिव





(२) बढुवा समितिले प्रमुख सचिव र आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (५) बमोजिमको पद रिक्त भएको अवस्थामा बढुवा समितिमा प्रमुख सचिवले तोकेको प्रदेश सचिव सदस्य रहनेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा रहनेछ।

(५) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।"

२२. <u>मूल ऐनमा दफा २८क. र २८ख. थप</u>ः मूल ऐनको दफा २८ पछि देहायका दफा २८क. र २८ख. थपिएका छन्ः-

"२८क. <u>अधिकृत एघारौं तहको पदमा बढुवाः</u> (१) अधिकृतस्तर एघारौं तहको पदमा देहाय बमोजिम बढुवा गरिनेछः-

(क) रिक्त पदमध्ये बीस प्रतिशत पदमा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका र सम्बन्धित सेवाको अधिकृत दशौं तह वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेकामध्ये सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा प्रदेश सरकारले बढुवा गर्नेछ।

(ख) रिक्त पदमध्ये असी प्रतिशत पदमा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका र कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्बन्धित सेवाका सम्भाव्य उम्मेदवारहरू मध्येबाट ज्येष्ठताको आधारमा बढुवा समितिले उपलब्ध भएसम्म रिक्त पदको दोब्बर सङ्ख्यामा सिफारिस गरेका उम्मेदवारहरू मध्येबाट प्रदेश सरकारले योग्यता र कार्यकुशलताको आधारमा उपयुक्त ठहराएको उम्मेदवारको बढुवा गर्नेछ।

तर कुनै सेवामा दोब्बर सङ्ख्यामा सम्भाव्य उम्मेदवार नभएको अवस्थामा सोभन्दा कम सङ्ख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

(ग) खण्ड (क) र (ख) बमोजिम प्रदेश निजामती सेवाको एघारौं तहमा बढुवा हुनका लागि सोभन्दा एक तहमुनिको दशौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका सम्भाव्य उम्मेदवार उपलब्ध नभएको अवस्थामा नवौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारी पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(२) यस दफा बमोजिम पदपूर्तिको लागि पद सङ्ख्या प्रतिशत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।





(३) अधिकृत एघारौं तहको कुनै पद रिक्त भएको मितिले सामान्यतः पन्ध्र दिनभित्र बढुवा प्रक्रिया सुरू गर्नु पर्नेछ र बढुवा समितिले सिफारिस गरेको पन्ध्र दिनभित्र बढुवा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम एघारौं तहमा बढुवा भएका कर्मचारीमध्येबाट ज्येष्ठता र कार्यकुशलताको आधारमा छनौट गरी प्रदेश सरकारले सम्बन्धित सेवाको प्रदेश सचिव पदमा नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश सचिवको पदमा नियुक्त हुने कर्मचारीले प्रदेश सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालिम प्राप्त गरेको हुनु पर्नेछ।

२८ख. <u>नेतृत्व मूल्याङ्कनः</u> अधिकृतस्तर दशौं तह वा सोभन्दा माथिको कर्मचारीको नेतृत्व मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२३. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u> मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. <u>बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यताः</u> (१) बढुवाका लागि उम्मेदवार हुने पदको तहभन्दा एक तहमुनिको पदमा बढुवाको लागि विज्ञापन हुनुभन्दा अघिल्लो असार मसान्तसम्ममा देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) सहायक तहको पदको लागि तीन वर्ष,

(ख) अधिकृत तहको पदको लागि पाँच वर्ष।

(२) खण्ड (ख) बमोजिम प्रदेश निजामती सेवाको नवौं तहमा बढुवा हुनका लागि सोभन्दा एक तहमुनिको आठौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेका सम्भाव्य

उम्मेदवार उपलव्ध नभएको अवस्थामा सातौं तहमा सेवा अवधि पाँच वर्ष पूरा गरेका कर्मचारी पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

तर,

समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा कार्यरत कर्मचारीको हकमा अधिकृत एघारौं तहको बढुवाको लागि अधिकृत नवौं र अधिकृत दशौं तहमा गरी कम्तीमा पाँच वर्ष र अधिकृत नवौं तहको बढुवाको लागि अधिकृत सातौं र अधिकृत आठौं तहमा गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा भएको भएमा उपदफा (१) बमोजिमको बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् । यस दफाको प्रयोजनको लागि कर्मचारीको समायोजन हुनुपूर्वको समान तह वा श्रेणीमा गरेको सेवा अवधि समेत गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा लागि भएको विज्ञापनमा दरखास्त दिने अन्तिम मितिसम्ममा अधिकृत सातौं तह र आठौं तहको पदमा गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पुगेको कर्मचारी अधिकृत नवौं तहको पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि सम्भावित उम्मेदवार हुन सक्नेछन्।

(४) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको तह वा सो तहभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत एघारौं र नवौं तह वा सो सरहको पदमा





बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको नायव सुव्वा वा सो सरहको पदमा कार्यरत रही प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा अधिकृत सातौं तहमा बढुवाको लागि निजको राजपत्र अनङ्कित प्रथम श्रेणीको नायव सुव्वा वा सो सरहको पदमा कार्यरत अवधिलाई समेत गणना गर्दा सेवा अवधि पाँच वर्ष पूरा भएको अवस्थामा निजहरू बढुवाको लागि योग्य हुनेछन् ।"

२४. <u>मूल ऐनमा दफा २९क. थपः</u> मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"२९क. <u>कर्मचारी बढुवाको योग्यता सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहको पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका दशौं तह वा सो भन्दा मुनिका कर्मचारीको दफा ५४ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।"

२५. <u>मूल ऐनको दफा ३२ मा संशोधनः</u> मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. <u>कार्यक्षमताको आधारमा हुने बढुवाको आधारः</u> (१) बढुवा समितिले कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिइनेछः–

(क) कार्यसम्पादन मूल्याङ्कन बापत - चालीस अङ्क
(ख) ज्येष्ठता बापत - तीस अङ्क
(ग) भौगोलिक क्षेत्रमा काम गरे बापत - सोह्र अङ्क
(घ) शैक्षिक योग्यता बापत - बाह्र अङ्क
(ङ) तालिम बापत - दुई अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन बमोजिम सरकारी वा अन्य सेवाका कर्मचारीको समायोजन हुनु भन्दा पहिले यस दफा बमोजिम दिइने पूर्णाङ्क फरक परेमा वा हाल प्रदान गर्ने अङ्क भन्दा कम वा बढी हुने रहेछ भने त्यस्तो पूर्णाङ्कलाई एक सय प्रतिशत मानी यस दफा बमोजिम अङ्क गणना गरिनेछ।"

२६. <u>मूल ऐनको दफा ३३ मा संशोधनः</u> मूल ऐनको दफा ३३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-





"(४) अधिकृत तहका कर्मचारीको लागि कार्यसम्पादन मूल्याङ्कन अर्ध वार्षिक र वार्षिक रूपमा र सहायक तहका कर्मचारीको लागि वार्षिक रूपमा कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।"

२७. <u>मूल ऐनको दफा ३५ मा संशोधनः</u> मूल ऐनको दफा ३५ को,-

(१) उपदफा (४) मा देहायको स्पष्टीकरण थपिएको छः-

"<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनको लागि "रुजु हाजिर" भन्नाले सार्वजनिक बिदा, किरिया बिदा, पर्यटन बिदा, प्रसूति बिदा, प्रदेशभित्रको काज, भैपरी आउने र पर्व बिदाको अवधिलाई समेत जनाउँछ।"

(२) उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्:-

"(६) प्रदेशमा समायोजन भए पनि उपदफा (४) बमोजिमको अवधिसम्म प्रदेशमा हाजिर नहुने कर्मचारीको सो अवधि बापतको भौगोलिक अङ्क गणना गरिने छैन।

(७) यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२८. <u>मूल ऐनको दफा ३६ मा संशोधनः</u> मूल ऐनको दफा ३६ को उपदफा (१) मा रहेका "आठ अङ्क" भन्ने शब्दहरूको सट्टा "नौ अङ्क" भन्ने शब्दहरू र "दुई अङ्क" भन्ने शब्दहरूको सट्टा "तीन अङ्क" भन्ने शब्दहरू राखिएका छन्।

२९. <u>मूल ऐनको दफा ३७ मा संशोधन</u>: मूल ऐनको दफा ३७ को,-

(१) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अधिकृत एघारौं तहको लागि अधिकृत नवौं वा दशौं तहमध्ये जुनसुकै तहमा, अधिकृत नवौं तहको लागि अधिकृत सातौं वा आठौं तहमध्ये जुनसुकै तहमा र अधिकृत सातौं तहको लागि अधिकृत छैटौं तहमा कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको।

तर समायोजन भएका अधिकृत छैटौं तहका कर्मचारीको हकमा राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको भएमा यस खण्ड बमोजिम योग्य भएको मानिनेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।"

३०. <u>मूल ऐनको दफा ३७क. थप</u>: मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

"**३७क.** <u>ज्येष्ठता गणना सम्बन्धी विशेष व्यवस्था</u>: (१) प्रदेशमा समायोजन भएका कर्मचारीको ज्येष्ठता





गणना गर्दा समायोजन हुनु पूर्वको साबिकको सेवा समूहको समान तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।"

३१. <u>मूल ऐनको दफा ३८ मा संशोधन</u>: मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"**३८.** <u>तहवृद्धि सम्बन्धी व्यवस्था:</u> (१) तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिम शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेका तथा पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि |
|---|---|---|---|
| १. | पाचौं | छैटौं | पाँच वर्ष |
| २. | सातौं | आठौं | पाँच वर्ष |
| ३. | नवौं | दशौं | पाँच वर्ष |

(२) प्रदेश स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तहवृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गर्नुपर्ने अङ्क |
|---|---|---|---|---|
| १. | चौथो | पाचौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| २. | पाचौं<br>(क) सुरु नियुक्ति भएका वा पाचौं तहमा तहवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका | छैटौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| | पाचौं<br>(ख) पाचौं तहमा तहवृद्धि भएकामध्ये सो तहका लागि न्यूनतम शैक्षिक योग्यता नभएका | छैटौं | आठ वर्ष | कम्तीमा उत्तम |
| ३. | छैटौं<br>(पाचौं तहमा सुरु नियुक्ति भई छैटौं तहमा तहवृद्धि भएका) | सातौं | आठ वर्ष | कम्तीमा उत्तम |
| ४. | सातौं<br>(सातौं तहमा सुरु नियुक्ति भएका) | आठौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| ५. | नवौं | दशौं | पाँच वर्ष | कम्तीमा उत्तम |





(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको तहवृद्धि सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम योग्यता र सेवा अवधि पुगेका कर्मचारीको त्यस्तो योग्यता र सेवा अवधि पुगेको मितिदेखि नै लागु हुने गरी सोही मितिमा तहवृद्धि गरिनेछ।

(५) तह वृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्व कायम रहेको सम्बन्धित सेवा समूहको समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(६) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(७) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(८) कर्मचारीको तह वृद्धि सम्बन्धित मन्त्रालयको सचिवले गर्नेछ। यसरी गरिएको तह वृद्धिको जानकारी निर्णय भएको पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (निजामती), प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(९) उपदफा (१) बमोजिमको योग्यता पूरा भई अनिवार्य अवकाश हुने कर्मचारीको हकमा निज दफा ५४

बमोजिम अवकाश हुनुभन्दा एक महिना अगावै तहवृद्धि गर्न सकिनेछ ।"

३२. <u>मूल ऐनको दफा ३९ मा संशोधन</u>: मूल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छः-

"३९. <u>श्रेणीविहीन कर्मचारीको स्तर कायमसम्बन्धी व्यवस्थाः</u> (१) साबिकको श्रेणीविहीन, तहविहीन वा तह कायम नभएका कर्मचारीको पदको स्तर देहाय बमोजिम हुनेछः-

(क) प्रथमस्तर,

(ख) द्वितीयस्तर,

(ग) तृतीयस्तर,

(घ) चतुर्थस्तर र

(ङ) पाँचौंस्तर।

(२) उपदफा (१) बमोजिम स्तर कायम हुन देहाय बमोजिमको सेवा अवधि पूरा गरेको हुनु पर्नेछः-

(क) प्रथमस्तरको लागि पाँच वर्षसम्म,

(ख) द्वितीयस्तरको लागि पाँच वर्ष पूरा भई दश वर्षसम्म,

(ग) तृतीयस्तरको लागि दश वर्ष पूरा भई पन्ध्र वर्षसम्म,

(घ) चतुर्थस्तरको लागि पन्ध्र वर्ष पूरा भई बीस वर्षसम्म,

(ङ) पाँचौंस्तरको लागि बीस वर्ष पूरा भएका।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई समायोजन





ऐन बमोजिम प्रदेशमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको तहवृद्धि र स्तर कायमसम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम योग्यता र सेवा अवधि पुगेका कर्मचारीको त्यस्तो योग्यता र सेवा अवधि पुगेको मितिदेखि नै लागु हुने गरी सोही मितिमा स्तर कायम गरिनेछ।

(५) स्तर कायमको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्व कायम रहेको सम्बन्धित सेवा समूहको समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(६) स्तरवृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो कायम भएको स्तरमा हुनेछ र त्यसरी कायम स्तरको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(७) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(८) कर्मचारीको स्तर कायम अख्तियारवालाले गर्नेछ। यसरी तह कायम गरिएको जानकारी निर्णय भएको पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (निजामती), प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(९) उपदफा (१) बमोजिम पाँचौंस्तर कायम भएको पन्ध्र वर्ष पूरा हुने भई दफा ५४ बमोजिम अवकाश हुने

भएमा निजको हकमा अवकाश हुनुभन्दा एक महिना अगावै सहायक चौथो तहमा गरी तहवृद्धि गर्न सकिनेछ।

(१०) उपदफा (९) बमोजिम तहवृद्धि भई अवकाश भएको कर्मचारीको पद स्वतः सिर्जना भएको मानिनेछ र उक्त पद अवकाशपछि स्वतः खारेज हुनेछ।

(११) यस दफा बमोजिम स्तर कायम भएका कर्मचारीको स्तर निर्धारण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३३. <u>मूल ऐनको दफा ४७ मा संशोधन</u>: मूल ऐनको दफा ४७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिमको कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।"

(२) उपदफा (२) को  खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) प्रमुख सचिव, प्रदेश सरकार -अध्यक्ष"

(३) उपदफा (८) को सट्टा देहायका उपदफा (८), (८क), (८ख) र (८ग) राखिएका छन्ः-

"(८) प्रत्येक कर्मचारीले  एक  वर्षको  सेवा अवधि पूरा गरेपछि निजले खाइपाई आएको एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।





(८क) उपदफा (८) बमोजिम ग्रेड वृद्धि गर्दा कर्मचारी समायोजन ऐन बमोजिम थप गरिएको दुई ग्रेड कर्मचारीले प्रचलित कानुन बमोजिम पाउने अधिकतम ग्रेड संख्यामा समायोजन नगरी अतिरिक्त ग्रेडको रूपमा प्रदान गर्नु पर्नेछ।

(८ख) कुनै कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

(८ग) प्रदेशमा खटिआएका संघीय निजामती सेवाका कर्मचारीलाई दफा १२९ को उपदफा (६) बमोजिम निर्धारण गरिएको समकक्षता बमोजिम तलब, भत्ता र अन्य सुविधा उपलव्ध गराउनु पर्नेछ।"

३४. <u>मूल ऐनको दफा ५२ मा संशोधन</u>: मूल ऐनको दफा ५२ को उपदफा (४) झिकिएको छ।

३५. <u>मूल ऐनको दफा ५३ मा संशोधन</u>: मूल ऐनको दफा ५३ को उपदफाको क्रमसंख्या (१) झिकिएको छ।

३६. <u>मूल ऐनको दफा ५४ मा संशोधन</u>: मूल ऐनको दफा ५४ को उपदफा (१) मा रहेका "अन्ठाउन्न वर्ष" भन्ने शब्दहरूको सट्टा "सेवा शर्तसँग सम्बन्धित प्रचलित संघीय कानूनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

३७. <u>मूल ऐनको दफा ५७ मा संशोधन</u>: मूल ऐनको दफा ५७ को उपदफा (१) मा रहेका "अन्ठाउन्न वर्ष" भन्ने शब्दहरूको सट्टा "सेवा शर्तसँग सम्बन्धित प्रचलित संघीय

कानूनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

३८. **<u>मूल ऐनको दफा ५८ मा संशोधन</u>**: मूल ऐनको दफा ५८ पछि देहायका दफा ५८क., ५८ख., ५८ग., ५८घ., ५८ङ., ५८च., ५८छ. र ५८ज. थपिएका छन्:-

"**५८क.** **<u>निवृत्तभरण</u>**: (१) सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको हकमा बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरी सेवाबाट अवकाश पाएमा, राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएको अवस्थामा देहाय बमोजिमको हिसाबले मासिक निवृत्तभरण पाउनेछः-

<u>जम्मा सेवा वर्ष **X** आखिरी तलबको रकम</u>

५०

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजको लागि "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवा सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट प्रदेशमा समायोजन भएको कर्मचारीको निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।





(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि प्रदेश निजामती सेवाको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ।

(५) यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी सरकारी सेवाबाट प्रदेशमा समायोजित कर्मचारीको अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(६) कुनै यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेका कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साबिकको तहको पदभन्दा माथिल्लो पदको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ ।

**५८ख.** **<u>निवृत्तभरणमा वृद्धि</u>**: बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका यस ऐन

बमोजिम निवृत्तभरण प्राप्त गर्ने गरी निवृत्त भएको कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

**५८ग.** पारिवारिक निवृत्तभरण र उपदानः (१) कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारलाई दफा ५८ वा ५८क. मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

तर प्रदेशमा समायोजन भएको कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि निवृत्तभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण त्यस्तो मृतक कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्षपछि, निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि र निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम त्यस्तो पति वा पत्नीले पाउनेछ।





तर त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन।

(४) कर्मचारीको निवृत्तभरण पाइरहेको पति वा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो कर्मचारीको नावालिक सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तभरण रकम तोकिए बमोजिम पाउनेछ।

(५) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२), (३) र (४) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(६) यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा निजमा आश्रित दाजु, भाइ, दिदी, बहिनीमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(७) निवृत्तभरण वा उपदान दिँदा मृत कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाइ, दिदी, बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोरा छोरी, बाबु आमा, बाजे बज्यै, सासू, ससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ।

**५८घ.** बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदानः (१) प्रदेशमा समायोजन भएको कर्मचारी हराई बेपत्ता

भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ५८ वा ५८क. बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा ५८ख. बमोजिम निजको हकवालालाई दिइनेछ।

(२) उपदफा (१) बमोजिम बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ५८ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ५८क. बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

**५८ङ.** <u>सुविधा दाबी गर्नु पर्ने</u>: (१) सेवा निवृत्त हुने कर्मचारी वा निजको परिवारका सदस्यले यस ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम पाउने निवृत्तभरण, उपदान लगायतका सुविधा लिनको लागि सम्बन्धित कार्यालय मार्फत प्रदेश किताबखानामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश किताबखानाले सुविधा निर्धारण गरी निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तभरण व्यवस्थापन कार्यालयले यसरी निवेदन प्राप्त भएपछि यथाशीघ्र निवृत्तभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

**५८च.** <u>पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए





तापनि यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी कुनै कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बीस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ५८क. बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ५८क. बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाइमा नबढ्ने गरी निवृत्तभरण बापत रकम दिइनेछ।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस ऐन बमोजिम निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि वृद्धि हुनेछ।

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए

त्यस्ता छोरा छोरीले अठार वर्ष नभएसम्म तोकिए बमोजिम पाउनेछन्।

(६) कुनै कार्यालयमा कामकाज गर्ने संघीय निजामती कर्मचारी वा प्रदेश निजामती कर्मचारी वा स्वीकृत स्थायी दरबन्दीको करार सेवामा कार्यरत कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अपाङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको तत्काल व्यवस्था प्रदेश सरकारले मिलाउनेछ र निजको उपचारमा लाग्ने सम्पूर्ण खर्च समेत प्रदेश सरकारले व्यहोर्नेछ ।

५८छ. निवृत्तभरण नपाउनेः यस ऐन बमोजिम निवृत्तभरण वा पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तभरण प्राप्त गर्ने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(ख) प्रचलित कानुन बमोजिम राज्य विरूद्धको कसुर मानिने फौजदारी अभियोगबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(ग) बहुविवाह गरेको प्रमाणित भएमा,

(घ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको प्रमाणित भएमा।



खण्ड ८) संख्या ६, प्रदेश राजपत्र भाग १ मिति २०८१।०५।१३
५८ज. निवृत्तभरण सम्बन्धी व्यवस्थाः प्रदेश निजामती कर्मचारीको निवृत्तभरण सम्बन्धी कार्य प्रदेश निजामती किताबखानाले गर्नेछ।"

३९. मूल ऐनको दफा ५९ मा संशोधनः मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छः-

"**५९.** योगदानमूलक निवृत्तभरणः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी कानुनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने कर्मचारीले योगदानमूलक निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा प्रदेशमा समायोजन भएको कर्मचारी खुला वा अन्तर सेवा प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तभरण र सोसँग सम्बन्धित अन्य सुविधा प्रचलित कानुन बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्यहोरिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमूलक निवृत्तभरण पाउने कर्मचारीले दफा ५७, दफा ५८ र दफा ५८क. बमोजिमका सुविधा पाउने छैन।"

४०. मूल ऐनको दफा ६० मा संशोधनः मूल ऐनको दफा ६० को सट्टा देहायको दफा ६० राखिएको छः-

"६०. <u>विशेष आर्थिक सुविधाः</u> (१) प्रदेश निजामती सेवाको पदमा कार्यरत कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ पाँच लाख रुपैयाँ विशेष आर्थिक सुविधा प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिमको रकम कर्मचारीको मृत्यु हुनुपूर्व कार्यरत रहेको कार्यालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक मामिला मन्त्रालय मार्फत उपलब्ध गराउनेछ।"

४१. <u>मूल ऐनको दफा ६२ मा संशोधनः</u> मूल ऐनको दफा ६२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रदेश सरकारका निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिको समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार -अध्यक्ष

(ख) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(ग) प्रदेश सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव"





४२. <u>मूल ऐनको दफा ७३ मा संशोधनः</u> मूल ऐनको दफा ७३ को उपदफा (५) मा रहेका "र बाह्रौं" भन्ने शब्दहरू झिकिएका छन्।

४३. <u>मूल ऐनमा दफा १२७क. र १२७ख. थपः</u> मूल ऐनको दफा १२७ पछि देहायका दफा १२७क. र १२७ख. थपिएका छन्ः-

"१२७क. <u>सेवा अवधि जोडिनेः</u> संघीय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्ति भएको कर्मचारी आयोगको पदपूर्ति प्रक्रियाद्वारा प्रदेशको कुनै निकायमा नियुक्त वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई हाजिर भएमा साविकमा गरेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ।

१२७ख. <u>यस ऐन बमोजिम सुविधा नपाउनेः</u> (१) प्रदेशभित्र समायोजन भएका वा लोक सेवा आयोग वा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक संघ वा अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तभरण लगायतका सुविधा पाउने छैन ।

(२) प्रदेश सरकारका निकायले आफ्नो निकाय मातहत पदाधिकार रहेका कर्मचारी बाहेक अन्य निकायबाट कामकाज वा काजमा खटिएका कर्मचारीको सम्बन्धमा यस ऐनमा लेखिएदेखि बाहेक उपदफा (१) बमोजिमको सुविधा दिने गरी निर्णय गर्न पाउने छैन।"

४४. **मूल ऐनको दफा १०९ मा संशोधनः** मूल ऐनको दफा १०९ को उपदफा (१) मा रहेका "स्थानीय तहको संगठन" भन्ने शब्दहरू अघि "प्रदेश सरकारले बनाएको मापदण्ड बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

४५. **मूल ऐनको दफा १२९ मा संशोधनः** मूल ऐनको दफा १२९ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) राखिएका छन् :-

"(६) यस दफा बमोजिम खटिएका संघीय निजामती कर्मचारीको समकक्षता देहाय बमोजिम निर्धारण गरिनेछः-

| क्र.सं. | श्रेणी | तह |
|---|---|---|
| (क) | राजपत्राङ्कित प्रथम | अधिकृत एघारौं |
| (ख) | राजपत्राङ्कित द्वितीय | उपसचिव पदमा पाँच वर्ष सेवा अवधि नपुगेका अधिकृत नवौं र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत दशौं |
| (ग) | राजपत्राङ्कित तृतीय | पाँच वर्ष सेवा अवधि नपुगेका अधिकृत सातौं र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत आठौं |
| (घ) | राजपत्र अनङ्कित प्रथम | पाँच वर्ष सेवा अवधि नपुगेका सहायक पाचौं र पाँच वर्ष सेवा अवधि पुगेका अधिकृत छैठौं।" |
| (ङ) | राजपत्र अनङ्कित द्वितीय | खरिदारमा पाँच वर्ष सेवा अवधि नपुगेका सहायक चौथो र पाँच वर्ष भन्दा बढी भएका सहायक पाचौं |

(७) उपदफा (६) बमोजिम कार्यालय प्रमुखले समकक्षताको निर्धारण यो ऐन लागु भएको मितिले तीस दिनभित्र गर्नुपर्ने छ ।





तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेशमा कार्यरत नरहेका वा पछि आउने कर्मचारीका हकमा निज हाजिर भएको तीस दिनभित्र समकक्षता निर्धारण गरिसक्नु पर्नेछ ।"

४६. **रूपान्तरः** यस ऐनमा ठाउँ ठाउँमा रहेका "प्रदेश लोक सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "आयोग" भन्ने शब्द, "योगदानमा आधारित निवृत्तभरण" भन्ने शब्दहरूको सट्टा "योगदानमूलक निवृत्तभरण" भन्ने शब्दहरू, "कर्मचारी समायोजन ऐन, २०७५ बमोजिमको कर्मचारी समायोजन" भन्ने शब्दहरूको सट्टा "समायोजन" र "कर्मचारी समायोजन ऐन, २०७५" भन्ने शब्दहरूको सट्टा "समायोजन ऐन" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

**आज्ञाले,**
**सुशील बैद्य**
**प्रदेश सरकारको सचिव**

मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु.२०।-